नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## सार्वजनिक खरिद पुनरावलोकन समितिका

## अध्यक्ष तथा सदस्य पदमा पदपूर्तिको लागि दरखास्त आह्वानसम्बन्धी सूचना

प्रकाशन मितिः २०८३/२/२९

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिमको कार्य गर्नका लागि ऐ. ऐनको दफा ४८ बमोजिमको सार्वजनिक खरिद पुनरावलोकन समितिको रिक्त अध्यक्ष (१ जना) र सदस्य (२ जना) पदमा नियुक्त गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल, काठमाडौंमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. उम्मेदवारको योग्यता तथा अनुभवः**

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८ बमोजिमको योग्यता तथा अनुभव रहेको,

(ख) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमतिपत्र नलिएको,

(ग) कुनै कानूनले अयोग्य नभएको।

**२. पेश गर्नुपर्ने कागजातहरूः**

(क) अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन फाराम,

(ख) अनुसूची-२ बमोजिमको स्वघोषणा,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति,

(घ) शैक्षिक योग्यताको प्रमाणपत्रको छाँयाप्रति तथा विदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्र,

(ङ) सार्वजनिक निकाय/संस्थामा कार्यरत रहेको अवधि खुल्ने कागजात,

(च) वैयक्तिक विवरण (बायोडाटा),

**३. सिफारिस तथा नियुक्तिः** तोकिएको म्यादभित्र रीतपूर्वक दरखास्त दिने व्यक्तिमध्ये यस कार्यालयले सङ्क्षिप्त सूची तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा पेस गर्नेछ र सोही सूचीको आधारमा उपयुक्त उम्मेदवारलाई नेपाल सरकार, मन्त्रिपरिषद्ले नियुक्ति गर्नेछ।

**४. पारिश्रमिक तथा सुविधाः** नेपाल सरकारले तोकेबमोजिम।

५. यस सूचनाबमोजिम रीतपूर्वक प्राप्त हुन नआएको दरखास्त अस्वीकृत हुनेछ।

६. अनुसूची-१ र अनुसूची-२ बमोजिमको आवेदन फारामको ढाँचा र स्वघोषणा www.opmcm.gov.np बाट प्राप्त गर्न सकिनेछ।

७. थप जानकारीका लागि यस कार्यालयको शाखा अधिकृतको मोबाइल नम्बरः ९८६६७०८७०८ मा सम्पर्क गर्न सकिनेछ।

अनुसूची-१

# आवेदन फारामको ढाँचा

श्री सार्वजनिक खरिद अनुगमन कार्यालय,

केसरमहल, काठमाडौं।

क. आवेदन दिन चाहेको पदः (☑ चिन्ह लगाउने)

१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८(१)(क) बमोजिमको अध्यक्ष ☐

२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८(१)(ख) बमोजिमको सदस्य ☐

३. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८(१)(ग) बमोजिमको सदस्य ☐

ख. वैयक्तिक विवरणः

**१. उम्मेदवारको नामः**

**२. जन्म मितिः**

| | **वर्ष** | **महिना** | **गते** |
|---|---|---|---|
| **वि.सं.** | | | |
| **ई.स.** | | | |

**३. स्थायी ठेगाना :**

| | |
|---|---|
| **जिल्ला/प्रदेशः-** | **न.पा./गा.पा.:-**<br>**वडा नं.:-** |
| **टेलिफोन नं. :-**<br>**मोबाईल नं. :-** | **ईमेल ठेगानाः-** |

**४. अस्थायी ठेगाना :**

| | |
|---|---|
| **जिल्ला/प्रदेशः-** | **न.पा./गा.पा. :-**<br>**वडा नं. :-** |
| **टेलिफोन नं. :-** | **मोबाईल नं. :-** |

**५. नेपाली नागरिकताको प्रमाणपत्रसम्बन्धी विवरण :**

| | |
|---|---|
| **नागरिकता नं.-** | **जारी जिल्ला र मितिः-** |

**६. पति/पत्निको नामः**

**७. बाबु/आमाको नामः**

**८. बाजेको नामः**

**९. स्थायी लेखा नम्बरः**

**ख. शैक्षिक योग्यताको विवरणः पछिल्लो उपाधिबाट सुरु गर्ने**

| क्र.स. | उपाधि | विश्वविद्यालय | श्रेणी वा जि.पि.ए. | उत्तीर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

| ग. अनुभवको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | काम गरेको कार्यालय/संस्था | पद | अवधि | | मुख्य कार्य विवरण | कैफियत |
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. संलग्न कागजातहरू

१.

२.

३.

४.

५.

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो, झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः

मितिः

अनुसूची-२

# स्व-घोषणा

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि **सार्वजनिक खरिद पुनरावलोकन समितिको अध्यक्ष÷सदस्य** पदमा नियुक्ति हुनका लागि प्रचलित कानूनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवम् कानूनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्व-घोषणा गरी पेश गरेको छु।

नाम, थर (नेपालीमा): Name (In English): ...................................

१. जन्म मितिः वि.सं.: इ.सं.:

२. स्थायी ठेगानाः ........................................ अस्थायी ठेगानाः .........................................

३. नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्र नं.:
जारी मिति र जिल्लाः

४. सम्पर्क नं.: इमेलः ........................................

५. शैक्षिक योग्यताः

६. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

७. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

८. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

९. म हाल कुनैपनि सार्वजनिक सेवामा वाहल रहेको छैन। (सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८(१)(ग) बमोजिमको सदस्यको प्रयोजनका लागि मात्र)

१०. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

११. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसूर, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१२. म कुनैपनि दामासाहीमा परेको, किर्ते वा जालसाजीको आरोपमा सजाय पाएको छैन।

१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१४. नियुक्ति हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

१५. अन्य प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य छैन।

**मैले माथि गरिदिएको स्व-घोषणाको व्यहोरा ठिक साँचो हो। झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।**

**स्वघोषणा गर्ने व्यक्तिको -**

**दस्तखतः**

दायाँ बायाँ

**मिति :**

**स्व-घोषणा गराउने अधिकृतको -**

**दस्तखतः**

**नाम, थरः**

**पदः**

**कार्यालयः**